नेपाल सरकार
उद्योग मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर
काठमाडौं, नेपाल ।

पत्र संख्या :- ०७४/७५
चलानी नम्बर :- ५६४

मिति २०७४/०७/२०

विषय: कम्पनी खारेजी सम्वन्धी जानकारी गराईदिने सम्वन्धमा ।

श्री सूचना विभाग
तिलगंगा, काठमाडौं, नेपाल

कम्पनी ऐन अनुसार यस कार्यालयमा दर्ता भएका कम्पनीहरुको सम्वन्धमा कार्यालयवाट मिति २०७४ श्रावण २३ गते गोरखापत्र राष्ट्रिय दैनिक, अभियान राष्ट्रिय दैनिक र कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित कम्पनी खारेजी सम्वन्धी सूचनाहरु यसै पत्र साथ संलग्न छन । कम्पनी प्रशासनलाई चुस्त र प्रभावकारी रुपमा संचालनको लागि यहाँहरुले पुर्याउदै आउनु भएको सहयोगको लागि यो कार्यालय आभार व्यक्त गर्दछ । साथै कम्पनी खारेजी सम्वन्धी सूचनाहरुलाई प्राथमिकताका साथ प्रचार प्रसार गरि संचालनमा नरहेका कम्पनीहरुलाई खारेजी गर्न व्यापक रुपमा सम्वन्धित पक्षलाई जानकारी प्रवाह गरि दिनु हुन एंव आफु अर्न्तगतका निकाय समेतलाई यसै अनुसार जानकारी गरिदिनु हुन अनुरोध गरिन्छ ।

८/२०

गीता कुमारी होमेगाई
रजिष्ट्रार

नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी अध्यावधिक सम्बन्धी अत्यन्त जरुरी सूचना

कम्पनी ऐन अनुसार दर्ता भएका प्रत्येक कम्पनीहरुले कम्पनी रजिष्ट्रारको कार्यालयमा आफ्नो कामकारबाहीको विवरण तोकिएको समयमा पेश गर्नुपर्ने व्यवस्था छ । कम्पनीहरुले लामो समयसम्म विवरण पेश नगरेको कारण कुल स्थापित कम्पनी र अध्यावधिक कम्पनीहरुको बिचमा अन्तर हुन गएको छ साथै स्थापित कम्पनीहरुले समयमा विवरण पेश नगरेमा लाग्ने जरिवाना बापतको रकम जुनसुकै अवस्थामा जहिले पनि बुझाउनुपर्ने नै हुन्छ । कम्पनीले नियमित रुपमा पेश गर्नुपर्ने विवरण लगातार ३ आर्थिक वर्षसम्म पेश नगरेमा त्यस्ता कम्पनीको दर्ता खारेजी समेत हुने व्यवस्था कम्पनी ऐन, २०६३ मा भएकोले पेश गर्नुपर्ने विवरणहरु समयमै पेश गरी कम्पनी अध्यावधिक गराउनु हुन तथा राज्यको पुनसंरचना अनुसार अधिकांश कम्पनीहरुको ठेगाना समेत परिवर्तन भएको हुँदा कम्पनी ऐन, २०६३ को प्रक्रिया पुरा गरी ठेगाना समेत अध्यावधिक गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत विवरण कार्यालयको वेबसाइट www.ocr.gov.np मा समेत उपलब्ध छ ।